प्रतिदिन
१६ औं
वार्षिकोत्सव

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : १७ ।। २०८० फागुन ०६ गते आईतबार (18th Feb 2024 Sunday) Pratidin National Daily मूल्य-रु.५/-

तक्षशीलामा अन्तर्राष्ट्रिय स्तरको मन्टेश्वरी संचालन

बिर्तामोड(प्रस)। पूर्वी नेपालकै उत्कृष्ट विद्यालयको रुपमा स्थापित बिर्तामोड- ६ स्थित तक्षशीला प्रोग्रेसिभ इङ्लिस स्कूलले अन्तर ष्ट्रिय स्तरको मन्टेश्वरी संचालन गरेको छ।

राजधानी बाहिर पहिलो पटक बेलायतको क्याम्ब्रिज विश्वविद्यालयसंग आवद्ध भएर कक्षा १ देखि १० सम्म पठनपाठन गरिरहेको तक्षशीला प्रोग्रेसिभ इङ्लिस स्कूलले स्वीडेनको लिटल आइन्सटाइन्ससंगको आवद्धतामा मन्टेश्वरीसमेत संचालन गरेको हो । विद्यालयले मन्टेश्वरीमा ५० जना बालबालिकालाई भर्ना गरेको छ । सरस्वती पूजाको अवसरमा भर्ना खुल्ला गरिएको विद्यालयकी कार्यकारी निर्देशक डा. अन्जली कार्कीले बताइन् । विद्यालयमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले तक्षशीलाले पूर्वमै पहिलो पटक स्वीडेनी विद्यालयसंग आवद्ध भएर मन्टेश्वरी संचालन गरेको जानकारी दिइन् । प्रत्येक कोठामा सीसी क्यामेरासहित पाँच विद्यार्थी बराबर एक शिक्षिकाको नीति अनुसार मन्टेश्वरीमा पठनपाठन शुरु गरिएको डा. कार्कीले बताइन् । त्यस्तै क्याम्ब्रिज विश्वविद्यालयसंग आवद्ध भएर गत वर्षदेखि पठनपाठन शुरु गरेको तक्षशीलाले तोकिएको मापदण्ड पूरा गरिसकेपछि क्याम्ब्रिजबाट अपग्रेड पाएको विद्यालयका निर्देशक प्रमिश गिरीले बताए । उनले मन्टेश्वरी संचालन र क्याम्ब्रिज अपग्रेडका लागि क्याम्ब्रिजका तर्फबाट डा. रोशन राठी , लिटल आइन्सटाइन्सका तर्फबाट डा. बसन्त जोशीले संभौता गरेको जानकारी दिए ।

यसैबीच तक्षशीलामा शनिवार एकदिने शैक्षिक महोत्सव सम्पन्न भएको छ । महोत्सवमा विद्यार्थीहरुले ४० वटा स्टल राखेका थिए । विद्यार्थीहरुले नेपाली मौलिक परिकार ,खानपान, संस्कृति झल्कने, लाइभ म्युजिक, फेस पेन्टिङ, सेल्फी कन्टेष्ट, गेमलगायतका स्टलहरु राखेको निर्देशक गिरीले बताए । विद्यार्थीलाई अध्ययन मात्र नभएर क्षमता विकाससहित व्यवहारिक शिक्षा दिने उद्धेश्यले महोत्सवको आयोजना गरिएको स्कुलका एकाडेमिक डाइरेक्टर डा. भिक्टर जोसेफले जानकारी दिए । उनका अनुसार पूर्वमै पहिलो पटक तक्षशीलाले त्यस प्रकारको महोत्सव आयोजना गरेको हो ।

एकाडेमिक डाइरेक्टर डा. जोसेफको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा प्रोफेसर प्रा.डा.उमेश शर्माको प्रमुख आतिथ्य रहेको थियो । प्रमुख अतिथि डा. शर्मा, बिशिष्ट अतिथि डा. बसन्त जोशी, डा.अन्जली कार्कीलगायतले कार्यक्रमको उद्घाटन गरेका थिए । कार्यक्रममा सञ्चालक इन्दिरा गिरी, बीएण्डसी अस्पतालका डा. निराजन प्रसाईलगायतको आतिथ्य रहेको थियो । उद्घाटन कार्यक्रमको सञ्चालन शिक्षिका शक्तिकुमारी तामाङले गरेकी थिइन् ।

त्यसैगरी विद्यार्थीहरुले बिभिन्न नृत्य, गायन, संगीतलगायतका मनोरन्जनात्मक कार्यक्रमहरु समेत गरेका थिए । कार्यक्रम उद्घाटनअघि विद्यार्थीहरुले बिभिन्न भेषभुषामा र्याली गरेका थिए ।

महोत्सवलाई विद्यार्थीसंगै अभिभावकहरुले पनि अवलोकन गरेका थिए । निर्देशक गिरीले किताबी ज्ञानसंगै विद्यालयले डिजिटल संसारमा सक्षम हुनेगरी विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापअन्तर्गत रोबटिङ,ए.आई. , कोडिङजस्ता विषयमा अध्यापन गराइरहेको जानकारी दिए ।

स्वीमिङ पुल , नयाँ स्मार्ट कक्षा कोठा , लाइब्रेरीलगायतका सुविधा भएको तक्षशीलाले बिर्तामोड नगरपालिकाले तोकेबमोजिमको शुल्क लिइरहेको निर्देशक गिरीले बताए । 'बजारमा तक्षशीला अत्यधिक महँगो छ भनेर हल्ला गरिन्छ' उनले भने,' बिर्तामोड नगरपालिकाले स्वीकृत गरेको शुल्कमै हामी पढाउँछौ , त्यसबाहेक खानपान र यातायातको अलग्गै शुल्क तोकेका छौं , त्यो बाध्यकारी छैन ।' तक्षशीलामा ६ सय विद्यार्थी अध्ययनरत छन् । क्याम्ब्रिज विश्वविद्यालयकै प्रमाणपत्रद्वारा विद्यालयका ४ सय विद्यार्थीहरु दीक्षित हुन लागेका छन् ।

निर्दयी आमाबाबु
पाँच वर्षीया वर्षाले अनाहकमा ज्यान गुमाइन्

झापा(प्रस) ।झापाको बुद्धशान्ति गाउँपालिकामा भएको घटनाले धेरैलाई स्तब्ध गराएको छ । आमाले आफ्नी पाँच वर्षकी छोरीलाई जवर्जस्ती समातेर आफैसंग जलाएर मारेको घटनाले मन दुखेको हो । बुद्धशान्ति -२ गोपालडाँडाकी २८ वर्षीया माया रम्तेलकी पाँच वर्षीया छोरी वर्षाले अनाहकमा ज्यान गुमाएकी हुन् । मायाले छोरी वर्षालाई शरीरमा बाँधेर आत्मदाह गर्दा छोरीको मृत्यु भएको छ भने आत्मदाह प्रयासमा आमा गम्भीर घाइते भएकी छन् ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक ढुण्डीराज गिरीका अनुसार शुक्रबार राति ८:३० बजेतिर मायाले आफ्नै शरीरमा पेट्रोल खन्याइ आगो लगाएकी थिइन् । घटनामा दुवै जना गम्भीर घाइते भएकाले उपचारका लागि बीएन्डसी अस्पतालमा भर्ना गरिएको थियो ।

शनिवार बिहान ९ बजेतिर छोरी वर्षाको मृत्यु भएको र आमा मायाको अवस्था चिन्ताजनक रहेका गिरीलेजानकारी दिए । राति बुद्धशान्ति गोपालडाँडा घलेगाउँ बस्ने राजन वि.क.की श्रीमती मायाले छोरी बर्षालाई आफ्नै शरीरमा सलले बाँधेर शरीरभरि पेट्रोल खन्याई आफैले आगो लगाएकी थिइन् । स्थानीयले देखेर आगो निभाएका थिए । राति ९.२० बजे ईलाका प्रहरी कार्यालय वुधबारेमा जानकारी गराउनासाथ तत्काल ईप्रका बुधबारेबाट टोली खटिगई दुवै घाईतेलाई बीएण्डसी अस्पताल बिर्तामोड लगिएको थियो । घट् नास्थलनजिकै सुसाईड नोट फेला परेको छ । उक्त नोटमा श्रीमान् अन्य महिलासँग सम्बन्धमा रहेको कारण बाध्य भई यस्तो निर्णय लिन पुगेको लेखिएको छ ।

प्रहरीका अनुसार उक्त नोटमा मायाले उनका पति राजन परस्त्रीसँग सम्बन्धमा रहेका कारण बाध्य भई आत्मदाहको निर्णय लिनुपरेको उल्लेख गरेकी

❖ बाँकी अन्तिम पृष्ठमा

नेदरल्यान्ड्समाथि नेपालको उत्साहजनक जित

झापा(प्रस) । नेपालले नेदरल्यान्ड्सविरुद्ध ९ विकेटको विजय हात पार्दै विश्वकप लिग-२ क्रिकेटमा लयमा फर्किएको छ । नेपालले शनिबार १ सय ३८ रनको लक्ष्य १५.२ ओभरमै १ सय ४१ रन बनायो । नोभेम्बरमा भारतमा सम्पन्न विश्वकपपछि एकदिवसीय क्रिकेटमा पहिलो खेल खेलिरहेको नेदरल्यान्ड्सलाई नेपालले कुनै मौका नै दिएन ।

कुशल भुर्तेलले आक्रामक इनिङ्स खेल्दै नेपालको सुरुवात गरेका थिए । उनले ११ बल खेली २ चौका र ३ छक्का प्रहार गरी २८ रन बनाएका थिए । त्यसपछि आसिफ शेख र अनिल साहले ठूलो शटहरू खेलेपछि नेपालले १० ओभरमा १ सय रन जोडेर उत्कृष्ट सुरुवात गरेको थियो । आसिफ र अनिलले दोम्रो विकेटमा १ सय ५ रनको साझेदारी गरे । अनिलले आर्यन दत्तको बलमा छक्का प्रहार गर्दै आफ्नो अर्धशतक पूरा गरेका थिए । उनले २९ बलमै अर्धशतक पूरा गरेका थिए । पछिल्ला चार खेलमा उनले तेस्रो पटक ५० रनमाथिको स्कोर बनाएका हुन् ।

अनिल ५७ र आसिफ ५४ रन बनाई क्रिजमा रहे । अनिलले कुल ३६ बल खेली ६ चौका र ४ छक्का तथा आसिफले ४५ बल खेली ८ चौका र १ छक्का प्रहार गरे । नेपालको आक्रामक ब्याटिङपछि नेदरल्यान्ड्सका अफ स्पिनर दत्तले ३ ओभरमा ४४ रन खर्चन पुगेका थिए ।

यसअघि नेपालले टस जितेपछि उत्कृष्ट बलिङ र फिल्डिङ गर्दै ब्याटिङको निम्तो दिएको नेदरल्यान्ड्सलाई ३९ ओभरमा १ सय ३७ रनमा अलआउट गरेको थियो । कुशलले भुर्तेलले शानदार बलिङ गर्दै नेदरल्यान्ड्सलाई सानो स्कोरमा रोक्न भूमिका खेले ।

त्रिवि क्रिकेट मैदानमा नेपाल पहिलो ओभरबाटै खेलमा हाबी भएको थियो । सोमपाल कामीले पहिलो ओभरमै डेब्यु गरिरहेका माइकल लेभिटलाई थर्डमा देव खनालबाट क्याच गराई नेपाललाई शानदार सुरुवात दिलाएका थिए ।

एक छक्का प्रहार गरेका म्याक्स ओ डड १० रन बनाई रन आउट भए । साइब्रान्ड इन्जेलब्रेट र बास डी लेडले तेस्रो विकेटमा ३८ रनको साझेदारी गरे । ललित राजवंशीले इन्जेलब्रेटलाई २३ रनमा आउट गरी यो साझेदारी तोडेका थिए । उनले ५३ बल खेल्दै ३ चौका प्रहार गरे । लेडले ४४ बल खेली ३ चौका र १ छक्का प्रहार गर्दै २७ रन बनाए । उनलाई ललितले उत्कृष्ट बलमा बोल्ड गरेका थिए । नोह क्रोस १२ रन बनाई रनआउट भए । कुशल मल्लले आफ्नै बलिङमा फ्लो थ्रोमा नियन्त्रण गर्न खोजेको बल स्टम्पमा लागेपछि क्रोस आउट भएका थिए । कुशल भुर्तेलले आफ्नो पहिलो ओभरमै वेस्ली वारेसीलाई शून्यमा आउट गरी नेपालको दबदबालाई कायम राखे । कप्तान रोहित पौडेलले सरिज अहमदलाई १ रनमा बोल्ड गरी खेलमा नेपालको दबदबा कायम राखे । भुर्तेलले आर्यन दत्तलाई १० रनमा आउट गरे । भुर्तेलले अर्को महत्वपूर्ण विकेट लिनेक्रममा कप्तान स्कट इडवार्डसलाई एलबीडब्लू आउट गरे । इडवार्डसले ४९ बल खेली १ चौका प्रहार गरी ३३ रन बनाए ।

भिभिएन किडमालाई २ रनमा आउट गरी उनले चौथो विकेट लिए । आफ्नो ५० औं एकदिवसीय अन्तर्राष्ट्रिय खेलिरहेका भुर्तेलले ७ ओभरमा २० रनमात्र खर्चेका थिए । यसअघिका खेलहरूमा उनको नाममा ४ विकेटमात्र थियो । ललितले २ विकेट लिनेक्रममा १० ओभरमा ३२ रन खर्चे ।नेपाल बिहीबार नामिबियाविरुद्ध पहिलो खेलमा अप्रत्यासित रूपमा ४ विकेटले पराजित भएको थियो । नामिबियाले टस जितेपछि ब्याटिङका लागि आएको नेपाल १ सय ३२ रनमा अलआउट भएको थियो । त्यही भएर नेपालले नेदरल्यान्ड्सविरुद्ध पहिला फिल्डिङ गर्ने निर्णय गरेको थियो । नेपाली टोलीमा दीपेन्द्रसिंह ऐरी फर्किएका छन् । इन्टरनेसनल लिग ट्वान्टी-२० मा गल्फ जायन्ट्सबाट सहभागी हुन दुबई जाँदा दीपेन्द्रले नामिबियासँगको खेल गुमाएका थिए । दीपेन्द्रलाई पवन सर्राफको स्थानमा ल्याइएको छ । त्यस्तै देव खनाललाई करण केसीको स्थानमा खेलाइएको छ ।

४० वर्षदेखि श्रम गरिरहेका लक्ष्मीप्रसाद

• द्रोण अधिकारी

भद्रपुर । उमेरले नौ दशकको छेउ पुग्दैगर्दा पनि निरन्तर श्रम र पसिना बगाइरहेका कनकाई ७ लक्ष्मीपुरका लक्ष्मीप्रसाद दाहाल (८७ वर्ष) जीविकोपार्जनका लागि ४० वर्षयता सडक किनारमा दाम्ला डोरी बाटिरहेका छन् ।

अहिलेसम्म आफ्नो घर नभएका अर्काको घरमा भाडा तिरेर बस्ने गरेका दाहाल छोराको कमाइले मात्र घर चल्न नसकेपछि आफैं श्रम गरेर नुनतेलको जोहो गर्न ४० वर्षयता निरन्तर दाम्ला डोरी बाटेर त्यसलाई बिक्री गर्दा आउने पैसाले जीवनयापन गरिरहेका हुन् ।

पूर्व–पश्चिम राजमार्गको लक्ष्मीपुर चौकमा दैनिक दाम्ला डोरी बाटिरहेको भेटिने दाहालले जीवनयापनका लागि यही कार्यलाई पेशा बनाएको पनि चालीस वर्ष पूरा भइसकेको छ ।

घाम–पानी, जाडो–गर्मी सहँदै सडक किनारलाई कर्मथलो बनाएका दाहाल आफूलाई बाँचुञ्जेल कर्मशील बनाउन चाहन्छन् । छोराले काम छोडेर आराम गर्न सुझाव दिने गरेपनि उनीहरूको कमाइले मात्र गाँस र बासको व्यवस्थापन सहज नहुने अवस्थाकै कारण सडक किनारमा श्रम पसिना बगाइरहेको उनी बताउँछन् ।

सरकारले दिने बृद्धभत्ताले मुश्किलले दाल–चामलको व्यवस्था गर्न सके पनि नुनतेल र तरकारीको जोहो गर्न दाम्ला डोरी बाट्नु पर्ने बाध्यता सुनाउँदै दाहालले ४० रूपैयाँदेखि ६० रूपैयाँसम्ममा बेचेका दाम्ला र डोरीबाट आउने पैसाले जीवन चलिरहेको बताए । जीवनको उत्तरार्द्धमा पनि निरन्तर काम गरिरहेका दाहाल रहरले भन्दा बाध्यताले श्रमशील हुनु पर्ने अनुभव सुनाउँछन् । उनी अर्काले दिन्छन् र खाउँला भन्ने आशे जीवनबाट मुक्त हुन पनि दैनिक श्रम गरिरहेको प्रष्ट पार्छन् । उनी भन्छन्–"मेरो जीवन त उत्तरार्द्धमा पुगेको छ तर मन बाँचुञ्जेल निरन्तर श्रममा विश्वास गर भन्छ । त्यसैले श्रम गरिरहेको छु ।"

उनको निरन्तरको परिश्रम देख्नेहरूले नै दाम्ला डोरी किनेर लाने गरेको स्थानीय बताउँछन् । पुराना कपडा संकलन गरेर दाम्ला डोरी बनाउने गरेका दाहाललाई आफ्नो पेशाप्रति निकै गौरव महसुस हुने गर्छ । यही पेशाबाट अहिलेसम्म जीवनको गति सहज भइरहेको बताउने उनी काम ठूलो र सानो नहुने प्रष्ट पार्छन् । काम गरेर खानु महानता हो ढाँटेर, छलेर वा मागेर खानुचाहिँ नपरोस् भन्ने भावना बोकेका दाहाल बाँचुञ्जेल यही पेशा गरिरहने बताउँछन् ।

डा. विकाश जैशी, MD, DM
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

डा. दिपायन पाण्डे, MD
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार

डा. आलोक झा, MD
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समय: प्रत्येक महिनाको पहिलो शनिबार

डा. केशव कु. मण्डल, MD
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समय: दैनिक सेवा

डा. प्रेम ब. शाही, MS, FISS
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समय: दैनिक सेवा

डा. हरिशंकर प्र. यादव, MD, FIEM
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समय: दैनिक सेवा

डा.धिरज ताम्राकार, MD
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समय: दैनिक सेवा

डा. धिरज गिरी, MS
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समय: दैनिक सेवा

प्रा. डा. अरूण सेढाई, MD, DM
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

प्रा. डा. गौरवराज ढकाल, MS, FISS
प्रमुख विशेषज्ञ - मेरुदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, दाँड रोग/सर्जन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

डा. धर्मागत भट्टराई, MD, DM
प्रमुख विशेषज्ञ - बाल बाशरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समय: प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

डा. विवेक कट्टेल, MD, FRCI
प्रमुख विशेषज्ञ - बाशरोग तथा (युरिक एसिड), जोर्नी रोग
समय: प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा पोलिक्लिनिक
एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरूम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

अन्तरपालिका फुटबलमा कमल, भद्रपुर, बिर्तामोड र कनकाई विजयी

शिवसताक्षी(प्रस)। झापाको शिवसताक्षीमा जारी झापा जिल्लास्तरीय अन्तरपालिका कर्मचारी फुटबल प्रतियोगिताको शनिवार भएका ४ खेलमा कमल गाउँपालिका, भद्रपुर नगरपालिका, बिर्तामोड नगरपालिका र कनकाई नगरपालिका विजयी भएका छन् ।

पहिलो खेलमा झापा गाउँपालिकालाई हराउँदै कमल गाउँपालिका विजयी भएको हो । झापा गाउँपालिकालाई ३-० गोल अन्तरले हराउँदै कमल गाउँपालिका विजयी भएको आयोजक शिवसताक्षी नगरपालिकाले जनाएको छ । खेलको ३० औं मिनेटमा कमल गाउँपालिकाका तर्फबाट दिपेन्द्र लामिछानेले पहिलो गोल गरे । खेलको ३७ औं र ४२ औं मिनेटमा कमलका मणिकुमार लिम्बूले दुई गोल गरेपछि झापा गाउँपालिकासँग ३-० को गोल अन्तर बनाउन सफल भयो । खेलको म्यान अफ दी म्याच कमलका मणिकुमार लिम्बू घोषित भए ।

त्यसैगरी दोस्रो खेलमा दमक नगरपालिकालाई ३- ० गोल अन्तरले हराउँदै भद्रपुर नगरपालिका विजयी भएको छ । भद्रपुरका तर्फबाट चन्द्र

प्रधान, विनोद श्रेष्ठ र अरिफ अलीले गोल गरेका थिए । खेलको म्यान अफ दी म्याच चन्द्र प्रधान घोषित भए । शनिवार नै भएको तेस्रो खेलमा मेचीनगर नगरपालिकालाई हराउँदै बिर्तामोड नगरपालिका विजयी भएको छ । मेचीनगरलाई ४-१ गोल अन्तरले हराउँदै बिर्तामोड विजयी भएको हो । खेलमा बिर्तामोडका तर्फबाट चुनु सेरेङ, रविन मुर्मूले एक-एक गोल गरे भने राम बुढाथोकी दुई गोल गरेका थिए । मेचीनगरको तर्फबाट रोजित अलीले सान्त्वना गोल फर्काए । खेलको म्यान अफ दी म्याच बिर्तामोडका राम बुढाथोकी घोषित भए ।

शनिवारको चौथो खेल कनकाई नगरपालिका र गौरादह नगरपालिकाबीच हुने तय भएपनि गौरादह नगरपालिका अनुपस्थित भएपछि कनकाई नगरपालिका अर्को चरणमा स्वतः प्रवेश गरेको छ । गौरादह नगरपालिका निर्धारित समयसम्म नआएपछि कनकाई नगरपालिकालाई वाकओभर दिइएको आयोजक समितिका संयोजक प्रकाश चौधरीले जानकारी दिए । शनिवारका तीन खेलमा म्याद अफ दी म्याच घोषित खेलाडीहरुले जनही नगद २ हजारसहित ट्रफी प्राप्त गरेका छन् । प्रतियोगिताको क्वाटर फाइनल खेल फागुन ७ गते हुने आयोजक शिवसताक्षी नगरपालिकाले जनाएको छ । जसमा शिवसताक्षी र भद्रपुर, हल्दीवारी र कचनकवल, बिर्तामोड र कनकाई, कमल र बाह्रदशीबीच हुनेछ ।

प्रतियोगिताको विजेता टिमले नगद रु ७० हजार र उपविजेता टिमले नगद ४० हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएको छ ।

चार जना प्रतिभा पुरस्कृत

बिर्तामोड(प्रस) । झापाको बिर्तामोडमा आयोजित एक कार्यक्रमकाबीच फरक फरक विधाका ४ जनालाई सम्मान तथा पुरस्कृत गरिएको छ । जयेन्द्रप्रसाद प्रसाईं साहित्य सेवा कोष झापाले विगत वर्षमा वितरण गर्दै आएको वर्षोत्कृष्ट पुरस्कारअन्तर्गत साहित्य, पत्रकारिता तथा अपाङ्गता भएका व्यक्तिलाई सम्मान गरिएको हो ।

सम्मानित हुनेहरूमा बर्षोत्कृष्ट कृति पुरस्कारबाट झापा भद्रपुरका होम सुवेदी, विष्णुचन्द्र पद्या विशेष प्रतिभा सम्मानबाट साहित्यकार पुण्यप्रसाद खरेल, धनमाया सक्रिय महिला पत्रकारिता पुरस्कारबाट जोस्ना श्रेष्ठ र अपाङ्गता भएका व्यक्तिहरूबाट पदम अधिकारीलाई सम्मान तथा पुरस्कृत गरिएको हो ।

संस्थाका अध्यक्ष गोपीकृष्ण प्रसाईंको अध्यक्षता तथा प्राध्यापक डाक्टर गोविन्दराज भट्टराईको प्रमुख आतिथ्यमा सम्पन्न सम्मान तथा पुरस्कार वितरण कार्यक्रममा प्रमुख अतिथि भट्टराईले पुरस्कृत व्यक्तित्वलाई सम्मान प्रदान गरे । साहित्य र पत्रकारिता पुरस्कारको राशि जनही २५ हजार नगद रहेको छ भने अपाङ्गता विशेष पुरस्कारको राशि ११ हजार रहेको छ ।

संस्थाका उपाध्यक्ष विष्णुकुमार भट्टराईले पुरस्कृत प्रतिभा घोषणा गरेको कार्यक्रममा कृतिकारका बारेमा साहित्यकार कोमल पोखरेलले प्रकाश पारेका थिए भने सम्मानपत्र वाचन सञ्जु सिवाकोटीले गरेकी थिइन् । संस्थाका अध्यक्ष गोपीकृष्ण प्रसाईंको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि भट्टराई, विशेष अतिथिहरू मोहन भण्डारी, खगेन्द्रप्रसाद प्रसाईं, पुरस्कृत व्यक्तित्वहरू सुवेदी, खरेल, श्रेष्ठ र अधिकारीलगायतले मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन स्वस्तिका आचार्य सिटौलाले गरेकी थिइन् । सोही कार्यक्रममा होम सुवेदीद्वारा लिखित छताछुल्ल कृतिको विमोचन गरिएको छ । कार्यक्रमका प्रमुख अतिथिसहित उपस्थित अतिथिहरूले कृतिको लोकार्पण गरेका थिए ।२०५९ सालमा स्थापित जयेन्द्रप्रसाद प्रसाईं साहित्य सेवा कोषले बर्सेनि साहित्य र पत्रकारिता क्षेत्रमा सम्मान र पुरस्कार गर्दै प्रदान गर्दै आएको छ ।

झापामा जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड सुरु

झापा(प्रस) । १४ औं राष्ट्रपति रनिङ शिल्ड झापा जिल्लास्तरीय प्रतियोगिता शनिवारदेखि झापाको अर्जुनधारा नगरपालिकामा सुरु भएको छ ।

अर्जुनधाराको शनिश्चरे माविको खेलमैदानमा आयोजित एक समारोहका बीच प्रतियोगिताको उद्घाटन कोशी प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री शम्शेर राईले गरे । उनले निर्णायकलाई भलिबल र कराते ग्लोब्स हस्तान्तरण गरेर प्रतियोगिता उद्घाटन गरेका थिए ।

प्रतियोगिता उद्घाटन गर्दै समारोहका प्रमुख अतिथि मन्त्री राईले खेलकुदको माध्यमबाट मात्र देशलाई विश्वसामु चिनाउन सकिने उल्लेख गर्दै खेलकुदको क्षेत्रमा लगानी बढाउन प्रदेश सरकार तयार रहेको बताए । आयोजक झापा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेषराज भण्डारी 'प्रशान्त'को अध्यक्षतामा आयोजित उद्घाटन समारोहमा जिल्लाका १५ वटै पालिकाबाट सहभागिता जनाएका खेलाडी छात्र-छात्राले मार्चपास गरेका थिए । समितिका सदस्य चेतामणि खनालले सञ्चालन गरेको उद्घाटन समारोहमा अर्जुनधारा नगरपालिकाका प्रमुख बलदेवसिंह गोम्देन, कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेललगायतले शुभकामना मन्तव्य राखेका थिए । समारोहमा शनिश्चरे माविका छात्राहरुले नृत्य प्रस्तुत गरेका थिए ।

सोही अवसरमा जिल्ला खेलकुद विकास समिति झापाले अर्जुनधारा नगरपालिकालाई सम्मान गरेको थयो । १३ औं राष्ट्रपति रनिङ शिल्डको विजेता बन्न सफल हुनुका साथै नगरभित्र खेलकुदलाई प्राथमिकतामा राखेर खेलकुद गतिविधि सञ्चालन गरेको भन्दै समितिले अर्जुनधारा नगरपालिकालाई सम्मान गरेको हो । प्रमुख अतिथि मन्त्री राईले नगर प्रमुख गोम्देनलाई दोसल्ला ओढाएर सम्मानपत्र हस्तान्तरण गरेका थिए । नगरको सम्मानपत्र समितिकी उपाध्यक्ष गंगा भुर्तेल कोइरालाले वाचन गरेकी थिइन् ।

त्यसै अवसरमा आर्चरी विधामा अन्तर्राष्ट्रिय खेल खेल्न इराकको राजधानी बगदाद जान लागेकी समिति सदस्य गंगा तुम्बापोलाई मन्त्री राईले खादा लगाइदिएर सफलताका लागि शुभकामना दिएका थिए ।

उद्घाटन समारोहमा खेलकुद क्षेत्रका प्रतिष्ठित व्यक्तित्वहरु, विभिन्न स्थानीय तहका जनप्रतिनिधि, शिक्षासेवी, पूर्व खेलाडीहरु, वर्तमान राष्ट्रिय-अन्तर्राष्ट्रिय खेलाडीहरुको उपस्थिति रहेको थियो । एथलेटिक्स, भलिबल, कबड्डी, कराते, उसु र तेक्वान्दो गरी ६ विधाका विभिन्न इभेन्टका खेलहरु सञ्चालन गरिने प्रतियोगितामा ४१८ पदकका लागि जिल्लाभरिका १८ वर्षमुनिका पुरुष तथा महिला गरी लगभग एक हजार पाँच सय खेलाडीले प्रतिस्पर्धा गरिरहेको जिल्ला खेलकुद विकास समितिका कार्यालय सचिव विष्णुकुमार नेम्बाङले जानकारी दिए ।

प्रतियोगितालाई व्यवस्थित र मर्यादित ढंगले सञ्चालन गर्दै सफल तुल्याउनका लागि हालै सम्पन्न समितिको बैठकले समितिका पदाधिकारी तथा समितिमातहतका प्राविधिक-प्रशिक्षकहरुलाई जिम्मेवारी बाँडफाँट गरेको समितिका सदस्य एवम् प्रवक्ता जगन दुर्वासा कार्कीले जानकारी दिए ।

जिल्लाको खेलकुद गतिविधिलाई जिल्लाका सबै क्षेत्रमा पुर्‍याउने र स्थानीय तहहरुलाई पनि खेलकुदप्रति अपनत्व र जिम्मेवार बनाउने उद्देश्यले पनि यस वर्षको प्रतियोगिता अर्जुनधारा नगरपालिकामा आयोजना गरिएको अध्यक्ष भण्डारीको भनाइ छ ।

पहिलो दिन भलिबल, कबड्डी र उसुका खेलहरु भएका छन् ।

कोशी प्रदेशको नाम खारेज गरी 'कोकिली' नामकरण गर्न माग

झापा(प्रस)। नागरिक उन्मुक्ति पार्टीले कोशी प्रदेशको नाम खारेजीको माग गरेको छ । इलाममा शनिबार बसेको केन्द्रीय सचिवालय बैठकले पहिचानवादीको आन्दोलनप्रति ऐक्यवद्धता जनाउँदै कोशी प्रदेशको नाम खारेजी गरी कोकिली नामकरण गर्न माग गरेको हो।

प्रदेश सरकारले जबर्जस्ती नामकरण गरेको कोशी नाम खारेजीको माग गर्दै पहिचानको आधारमा नाम झल्काउनेगरी कोचिला, किरात, लिम्बुवान प्रदेश (कोकिली) नामकरणका लागि पहल गर्ने निर्णय भएको महासचिव ठाकुरसिंह थारूले बताए। कोकिली नामकरणका लागि पहिचानवादी संघ संस्था र राजनीतिक दलसँग संवाद गर्ने निर्णयसमेत सचिवालय बैठकले गरेको थारूले बताए।

त्यस्तै संघ, प्रदेश र स्थानीय तहको उपनिर्वाचनका विषयमा पार्टीमा छलफल चलाउने, केन्द्रीय महासमिति सदस्य समानुपातिक समावेशी बनाउने र भूमि (जग्गा)मा देखिएको समस्या समाधानका लागि र सहकारीका पीडितलाई राहत दिने तथा कानुन विपरीत कार्य गर्ने सहकारीलाई कारबाहीको दायरामा ल्याउन विज्ञहरूको टोली गठन गर्ने निर्णय भएको महासचिव थारूले बताए।

काम देखाएर विदा भए सशस्त्रका एसपी अर्याल

झापा, फागुन ५ । आफ्नो १३ महिनाको कामको विवरण प्रस्तुत गर्दै सशस्त्र प्रहरी बल नेपाल नं २ गण हेडक्वार्टर झापाका गणपति सशस्त्र प्रहरी उपरीक्षक देवराज अर्याल विदा भएका छन् । नयाँ गणपति सशस्त्र प्रहरी उपरीक्षक कविन्द्र राईलाई स्वागत गर्दै उनी नियमित सरुवाअन्तर्गत केन्द्रीय हेडक्वार्टर सचिवालय जाने भएका छन् । शनिवार एक अनौपचारिक कार्यक्रमका बिच अर्यालले नं.२ गण हेडक्वार्टर इन्चार्जको जिम्मेवारी गणपति राईलाई सुम्पिएका हुन ।

बिदाई कार्यक्रममा प्रहरी उपरीक्षक अर्यालले आफ्नो १३ महिना झापा बसाइ अत्यन्तै सुखद र परिणाममुखी बनेको बताए । अन्य जिल्लाभन्दा झापाली नागरिक समाज, राजनीति दलका नेता र संघ संस्थाका नेतृत्वदायी भूमिकामा रहनेहरू अत्यन्तै सहयोगी, रचनात्मक कार्यशैली गुण भएका कारण आफूलाई काम गर्न सहज भएकाले आफ्नो कार्यकाल सफल बन्न सकेको भन्दै सशस्त्र प्रहरी उपरीक्षक अर्यालले झापालीहरूलाई धन्यवाद दिएका छन् ।

सोही अवसरमा प्रहरी उपरीक्षक अर्यालले आफ्नो कार्यकालमा भएका कार्यसम्पादन र प्रगति विवरण प्रस्तुत गरेका छन् ।

२०७९ माघ १५ गतेदेखि २०८० माघ मसान्तसम्म अवैध सामान चोरी निकासी पैठारी बरामदबाट प्राप्त भएको राजस्व १३ करोड ८२ लाख ३३ हजार ५१९ रुपैयाँ रहेको विवरण प्रस्तुत गरेका छन् । सोही अवधिको अधिल्लो वर्ष ४ करोड ६३ लाख १६ हजार ६०० रुपैयाँ रहेको बताइएको छ ।

चालु आर्थिक वर्षमा १ करोड १६ लाख ८४ हजार ८५० रुपैयाँ मूल्य बराबरको ९ वटा सवारीसाधनसहित ११३८.८३ क्युफिट र ३ वटा गोलिया काठ बरामद भएको थियो ।

प्रस्तावित बिओपी चमरभिट्टाको नाममा निःशुल्क जग्गा प्राप्त, प्रसीसु गुल्म काँकडभिट्टाको लागि ९ कट्ठा २ धुर जग्गा खरिद गरी भवन निर्माण कार्यको सुरुवात, प्रसीसु गुल्म भद्रपुरको लागि १० कट्ठा जग्गा खरिद गरी भवन निर्माण कार्य सुरु, बिओपी महेशपुरको लागि थप भवन निर्माण कार्यको सुरुवात, विओपी ज्यामिरगढीको लागि एक बिघा जग्गा भोगाधिकार प्राप्त भई भवन निर्माण कार्यको सुरुवात, सुरक्षा वेस शनिश्चरेको लागि भवन निर्माण, बिओपी आल्तावारी, बिओपी डाँगाबारी र बिओपी लालमाटीको उद्घाटन, दशगजा सरसफाई, १४४.०२ किलोमिटर अन्तर्राष्ट्रिय सीमा इलाका रहेकोमा ३७ स्थानमा दशगजा इलाकामा गरिएको खेतीपाती हटाइएको, दशगजा क्षेत्रमा रहेका १७ वटा घरटहरामध्ये १२ वटा घरटहरा हटाइएको, भारतीय सुरक्षा एसएसवी र नेपालको एपिएफबिचको समन्वय, सहकार्यमा ७ हजार ६६३ पटक संयुक्त गस्ती गरिएको प्रगति विवरणमा उल्लेख छ ।

त्यसैगरी सीमा मर्मत संम्भार तथा रङ्गरोकन कार्यअन्तरगत नेपालतर्फबाट ३१७ वटा बिजोर नम्बरका सीमा स्तम्भहरूको मर्मतसम्भार तथा रङ्गरोकन, एसएसवीको तर्फबाट १४८ वटा जोड नम्बरका सीमा स्तम्भहरू मर्मत सम्भार रङ्गरोकन गर्ने काम भएको छ । सो क्रममा ७ वटा सीमा स्तम्भहरू फेला परेको बताईएको छ ।

झापा जिल्लामा डग स्क्वार्ड स्थापना, मुख्य तथा सहायक सीमा नाकाबाट आवत जावत गर्ने मानिसहरूको आवत जावत संख्या दर्ता व्यवस्था, कोशी प्रदेश नामकरणको विषयलाई लिएर सुरु भएको पहिचानको आन्दोलन तथा अन्य विविध जातीय आन्दोलनमा जिल्लाका सम्पूर्ण सुरक्षा निकायसँग समन्वय गरि शान्ति सुरक्षा सुव्यवस्था कायम गर्न व्यवसायिक भूमिका निर्वाह गर्न सफल भएको, सीमासँग जोडिएको अप्रेसन गणहरू मध्येबाट सर्वोत्कृष्ट गण बन्न सफललगायत प्रगति विवरणहरू प्रस्तुत गरिएको थियो ।

बिदाई तथा स्वागत कार्यक्रममा उपस्थित नेपाल राष्ट्रिय अनुसन्धान झापाका प्रमुख प्रहरी उपरीक्षक कुलचन्द्र नेपाललाई पनि स्वागत गरिएको थियो । कार्यक्रममा नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीले बिदाई तथा स्वागत मन्तव्य राखेका थिए ।

निर्दयी...

छन् । प्रहरीले ज्याला मजदुरी काम गर्दै आएका मायाका पति राजनलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको गिरीले बताए ।

पति राजन काममा गएको र घरमा ८१ वर्षीया सासूआमा सुन्तलीमाया खाती मात्र रहेको अवस्थामा मायाले छोरीलाई सलले आफ्नो शरीरमा बाँधेर आत्मदाह प्रयास गरेकी थिइन् । वर्षा स्थानीय एरा एभरग्रीन स्कुलको कक्षा नर्सरीमा अध्ययनरत रहेको विद्यालयका संचालक खगेन्द्र मैनालीले जानकारी दिएका छन् ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

प्रतिदिन अभिव्यक्ति

गर्वले मर्नु

• डा. सुरज निरौला

आखिरी ढोका घरक्क खुल्यो ।
अगाडि मृत्यु हाँसिरहेको देख्यो ।
दोधारमा बसेर
फर्केर पछाडि हेऱ्यो,
जिन्दगी रोइरहेको थियो ।
सँघारमा उभिएर अपसोच गऱ्यो,
"छोडिने जिन्दगीलाई चिन्न सकिन ।"
जिन्दगी चिच्याउँदै उसको हात तान्दैथ्यो,
ऊ छुट्टाउँदैथ्यो, झल्याँस्स ! ब्युँझियो ।

थाहा छ त, दिन पछि रात अनि
रात पछि दिन आउँछ ।
मध्यरातमा किन दिन खोज्नु ।
मात्र दुई दिन बाँच्ने जिन्दगी
रोएर किन जिउनु ?
खालि हात जहाँ जानु नै छ,
सब समाएर किन राख्नु ?
मुठ्ठी खोलेर जिउनु,
जिन्दगीको मिठास त्यहाँ चाख्नु ।
रुँदै आएका होइनौं र,
जाँदा फेरि किन रुनु ?
अचम्म ! जानलाई किन डराउनु ?
थाहा छ त,
कति रोदन र पीडा लुकाएर
भित्र भित्रै आफू सुकेर
सब बाहिर हाँसो देखाउँदै छन् ।
देखेर अरूको आफू किन जल्नु ?
अरू जल्दा आफू किन रमाउनु ?
पीडा कष्ट आए जसरी, त्यसरी नै जान्छन् ।
सजग भई जिन्दगीसँग रमेर बग्नु ।
जिन्दगी यसरी मस्तले जिउनु,
मृत्युशय्यामा बस्दा पनि
गर्वले हाँसेर मर्नु ।

अदालती बिहे

• सबिना लुइटेल

आजसम्म पिरको भारी बोकेका मेरा बाबालाई
म अब यो ऋणको भारी कसरी बोकाउँ ?
होइन भने
त्यतिका धेरै पाहुना मैले आफ्नो आँगनमा कसरी अटाउँ ?
सायद मैले यो चाहनु तिम्रा लागि स्वार्थ हो
तर मेरा लागि जिम्मेवारी
ती चम्किरहेका सितारा तिम्रा लागि खुसी हो
मेरा लागि शोकको खरिदारी ।

यदि यो असामान्य सोच तिमी अँगाल्छौं भने
मेरा यस्तै साना रहर तिमी सम्हाल्छौ भने
बनाइदेऊ कानुनलाई साक्षी
र भेटौं अदालतमा
जहाँ हुँदैनन् नचाहिने गफहरू
या भनौं
छुट्नेछन् नचाहिने वचनहरू
तर हामी गरौंला हरेक वाचा पूरा
कसैलाई नराखी
या भनौं,
मात्र भगवानलाई राखी ।

म किनुँला आमाको जस्तै सारी
तिमी पनि सजिनु खुबै
र, मिलाउनु दारी
नल्याउनु सुन
म भरिनेछैन सुनमा
नल्याउनु पन्चैबाजा
नाचौंला मायाकै धुनमा
अनि हुनेछैन कुनै दान
तिमी मात्र मलाई लैजानु सौगातमा ।

थाहा छ
यो विवाहमा कुनै वाह हुने छैन
रंगीन संसार अनि झुटो शृङ्गार हुने छैन
हुनेछ त केवल
केवल एक साधा दिन
हाम्रो समय अरुका लागि खास हुने छैन ।

उनीहरू त धनी घरको हो नि!

• पवित्रा घिमिरे

मेरो एक जना साथीले यस्तै कुराहरूको प्रसंग चल्दै जाँदा एउटा घटना दुःख मान्दै सुनायो।

'कलेजको युनिफर्म लगाएर बाटोमा हिँडिरहेका विद्यार्थीहरू आफ्नै तालमा हिँडिरहन्छन्, उनीहरूले कुनै पनि कुराको प्रवाह गरिरहेका हुँदैनन् जेब्राक्रसिङबाट बाटो काट्नुपर्ने ठाउँमा गलत ठाउँबाट बाटो काटिरहेका हुन्छन् र अचानक उनीहरूलाई स्पिडमा आइरहेको गाडीले ठक्कर दिन्छ। उनीहरू आफ्नो गल्तीको कारण सही तरिकाले र सही ठाउँबाट बाटो नकाटेको कारणले यो भइरहेको छ भनेर सोच्दैनन्। तर उल्टै गाडी चालकसँग रिसाउँछन्, खाउँलाझैं गर्दै हेरेर थर्काउँछन्, भन्न हुने नहुने साफ गाली गर्छन्।'

यो सब देखिरहँदा मेरो साथीलाई हाम्रो शिक्षा प्रणालीमा समस्या हो कि कार्यान्वयनमा समस्या हो र किन यस्तो भइरहेको छ भन्ने कौतुहलता निकै बढेछ। यस्ता घटनाहरू मेरा आँखाले पनि कयौं पटक देखेका छन्, विभिन्न ठाउँमा विभिन्न परिवेशमा युवापुस्ताका मुखबाट असभ्य शब्दहरू निकै सुनेको छु। कतिपय मान्छेहरूले गुनासोहरू गर्छन्। अहिलेको पुस्तामा कस्तो किसिमले पुस्तान्तरण भइरहेको छ? गलत ओरियन्टेसन नै भइरहेको हो त? आखिर समस्या कहाँनेर छ? एउटा कुनै विद्यालयको गाडी विद्यार्थीहरूलाई लिएर विद्यालयतर्फ जाँदै थियो। गाडीभित्र खचाखच विद्यार्थीहरू थिए र लगभग चार जना जति शिक्षकहरू थिए। गाडीभित्र केही केटीहरूले छाडा बोल्न सुरू गरे। चर्को स्वरमा कराएर चिच्याएर अपाच्य शब्दहरू बोले र गाडी चालक र सहचालक पछाडि फर्किएर हेरेर उनीहरूलाई सम्झाए। तर केटीहरूले उनीहरूको कुरालाई अलिकति पनि मतलब गरेनन्।

अनि एक जना शिक्षकले मिठासपूर्ण ढंगले सम्झाउँदा शिक्षकको कुरालाई सुनेर मनन गर्नुको साटो शिक्षकलाई आँखा बटारेर आफ्नो चेहरा अर्को बनाए। उनीहरूको उज्ज्वल भविष्यको निर्मातालाई अवमूल्यन गरिदिन्छन्। तर शिक्षक निरिह भएर बसिरहन्छन्। यो हेर्नमा सामान्य देखिन्छ। लाग्न सक्छ विद्यार्थीहरूले गाडीमा रमाइलो गरेका हुन् तर यसलाई गम्भीर भएर बुझ्दा यहाँ गम्भीर समस्या देखिन्छ। यहाँ समस्या कुनै केटाकेटीहरूले गाडीमा असभ्य शब्द बोले भनेको होइन। समस्या त यहाँ हाम्रो प्रवृत्ति र हुर्कँदै गरेको युवापुस्तामा देखिएको दृष्टिकोण र उनीहरूमा दिन प्रतिदिन विकास हुँदै गइरहेको संस्कारको हो।

एउटा घरमा एक जना बाजेले आफ्नो नातिलाई गाली गरिरहेका थिए। नाति र बाजेको बीचमा भनाभन भइरहेको थियो। बाजेको दुखेसो थियो 'नातिले राम्रो संस्कार नसिकेको, असभ्य भाषाहरू बोलेको, आफ्नो जिम्मेवारी एक रत्ति पनि बहन नगरेको।'

बाजेका अनुसार 'उनको नातिले विद्यालयले दिएको गृहकार्य कहिल्यै गर्दैन, भनेको मान्दैन र आफ्नो उमेर अनुसारको कर्तव्य बोध छँदै छैन।'

अचम्मलाग्दो कुरा भने बाजेले ठोकुवा गरेर भनेका थिए कि यसमा विद्यालय सम्पूर्ण रूपले दोषी छ। विद्यालयले कडा अनुशासनमा नराखेको र जिम्मेवारी बहन गर्न नसिकाएको।

यी सब कुराहरू सुनाइसकेपछि मलाई लाग्यो कि अहिलेको समयमा विद्यालय, घर-परिवार र विद्यार्थीहरूको बीचमा एउटा ठूलो खाडल छ। विद्यालयको रहनसहन र चालचलन नबुझिकन एक जना अभिभावकले ठोकुवा गरेर विद्यालयले अनुशासन नसिकाएको, जिम्मेवारी नसिकाएको भन्नु गम्भीर समस्या हो।

धेरै जना अभिभावकहरूको गुनासोहरू हुने गर्छ आफ्ना नानीबाबुले गृहकार्य नगर्नु, अनुशासित नहुनु र शिष्टाचार नगर्नुलाई अभिभावकहरूले विद्यालयलाई दोष लगाउने गर्छन्। आफ्ना नानीबाबुहरूलाई उनीहरूले गर्नुपर्ने गृहकार्य के कारणले गरिरहेका छैनन्, के पुगिरहेको छैन कहाँनेर समस्या छ भनेर समस्याको समाधान खोज्नुभन्दा पनि सिधै विद्यालयलाई दोषी ठहर गरिदिन्छन्। अनि विद्यालयले पनि कतिपय अवस्थामा घरपरिवारले समय नदिएको र अनुशासनको जग नबसालेको भन्ने कुरा व्यक्त गरिरहेका हुन्छन्।

यहाँ एकले अर्कालाई दोष लगाएर मात्र समस्याको समाधान पक्कै पनि हुँदैन। भन्-भन् समस्या विकराल बन्दै जान्छ। समयमा अहिलेको पुस्तालाई मर्यादित, अनुशासित र जिम्मेवार बनाउनको लागि यसमा घर, परिवार, वरपरको वातावरण, साथीसंगी र विद्यालय सबैको उत्तिकै स्थान रहन्छ। तर दोषारोपण गर्नुको साटो यसको समाधान खोज्नु पर्छ। पक्कै पनि यसको समाधान छ। यदि समयमै समाधान खोजिएन तथा गरिएन भने अहिलेका पुस्ताहरू भन् अर्को तहमा पुग्नेछन्।

कुनै ठाउँमा खाना खान जाँदा एउटा रमाइलो कथा सुन्ने मौका मिल्यो। त्यो ठाउँमा सबैले खाना खानको लागि आफैं लिने व्यवस्था रहेछ। खाना खाइसकेपछि आफूले खाएको थाल कचौरा धुने ठाउँमा राखिदिनुपर्ने रहेछ। सबैजनाले राखिरहँदा केही व्यक्तिहरूले राखेनन् कुरा चल्यो ' उनीहरू त धनी घरको हो नि! कहाँ धनी घरको केटीहरूले जुठो भाँडा बोकेर हिँड्छन् त!'

यो तर्क त भन् मलाई यति रिस उठ्ने लाग्यो कि धनी घरको भन्नेबित्तिकै आफूले खाएको भाडा थन्काउन नसक्ने पनि हुन्छ र? अनि धनी हुनु भनेको अमर्यादित र अनुशासनहीन हुनु हो र? गरिब व्यक्तिहरू मात्रै झुकेको र अनुशासित हुनुपर्ने हो र? कस्तो गलत बुझाइबाट गुज्रिरहेका छौं हामी।

भौतिक सेवा सुविधा गरेका व्यक्तिहरूले नियम कानून नमान्ने र असभ्य अपाच्य व्यवहार देखाउने हो र!

यो एउटा कुनै ठाउँमा भएको प्रसंग मात्रै हो। यो परिवेशका पात्रहरू अहिलेका कतिपय युवा पुस्ताहरूको प्रतिनिधि पात्रहरू हुन्। युवा पुस्ताहरू यस्तो गलत मानसिकताबाट गुज्रिरहेका छन्। मैले यस्ता अनगिन्ती व्यक्तिहरू देखेको छु जसले आफूलाई सम्भ्रान्त परिवारको भनेर फोस्रो धाक् लगाउने र अमर्यादित चालचलन देखाउने गरेको। यो सब गलत बुझाइ, हुर्काइ र संस्कार संस्कृतिको हो। सानैदेखि उनीहरूको दिमागमा कतैबाट यस्तो प्रकारको गलत छाप परेको छ। जसलाई परिमार्जन गर्न अति जरूरी छ।

अहिलेको समयमा विद्यालयमा पनि बालबालिकाहरूलाई पठनपाठन गर्न ठूलो चुनौती देखिँदै छ। उज्वल भविष्यको निर्माण गर्न विद्यालय गएका विद्यार्थी उसको उज्वल भविष्य निर्माणमा ठूलो भूमिका खेल्ने र हरदिन लागिपर्ने गुरू वर्गको कुरा पनि सुन्दैनन्। अभिभावक भन्छन्- शिक्षकले केही गर्न सक्दैन, शिक्षक भन्छन्- अभिभावक दोषी छ।

कतिपय अवस्थामा शारीरिक सजाय नदिएको कारणले गर्दा अहिलेका विद्यार्थीहरू, पुस्ताहरू नटेर्ने, नमान्ने भएका हुन्। तर मलाई यो तर्क पनि सान्दर्भिक लाग्दैन। कुनै पनि व्यक्तिलाई कुटेर, पिटेर सजाय दिएर ज्ञान पक्कै पनि दिन सकिँदैन र लिने व्यक्तिले पनि जबरजस्त रूपमा कदापि लिन सक्दैन। ज्ञान दिने तथा ग्रहण गर्ने कार्य स्वतःस्फूर्त र सोहार्दपूर्ण वातावरणमा हुनुपर्छ। अनि मात्र त्यो सिकाइले मूर्तरूप पाउँछ। यहाँ समस्या कुटनु तथा पिट्नुसँग होइन यहाँ समस्या त बस्दै गएको र फैलिँदै गरेको प्रवृत्तिसँग हो। यसलाई समयमा नै निराकरण गर्नुपर्छ।

स्कुल, कलेज तथा विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरूले आफूलाई अध्यापन गराउने शिक्षकहरूलाई महत्वपूर्ण तरबारले हेरिएको पाइँदैन। कक्षाकोठामा मर्यादित वातावरण सिर्जना हुन सकिरहेको छैन। कतिपय कक्षाकोठाहरूमा दुखद् घटनाहरू पनि घटेका समाचार आइरहेका हुन्छन्। कतिपय अवस्थामा शिक्षकलाई पिटेका घटना पनि बाहिरिन्छन्। ज्ञान दिने र ज्ञान आर्जन गर्ने व्यक्तिहरूको बीचमा सुमधुर सम्बन्ध हुनु अति जरूरी छ। जब कक्षाकोठाहरूमा प्रजातान्त्रिक वातावरण हुन्छ तब शिक्षण सिकाइ सफल हुन्छ। बालमैत्रीपूर्ण वातावरणमा अध्यापन गराउनु शिक्षकहरूको दायित्व हुन्छ।

कतिपय ठाउँमा आफ्नो आफन्तजनलाई, चिनजानका व्यक्तिहरूलाई अहिलेको पुस्ताले नचिनेको जस्तो गरिदिने, दिनुपर्ने शिष्टाचार नदिने र कुनै मतलब नगर्ने भनेर अभिभावकहरूले गुनासो गरेको पाइन्छ। यस्तो पनि देखिएको छ कि कतिपय अभिभावकहरूले रिसाएर जबरजस्ती गरेर शिष्टाचार गर्न लगाएको र पिटेको पनि। यहाँ समस्या नचिन्नु र शिष्टाचार नगर्नुसँग होइन, समस्या पुस्तान्तरणमा देखिन्छ।

कुनै पनि बालक जन्मजात रूपमा असभ्य, अमर्यादित र जिम्मेवारविहीन भएर जन्मिएको हुँदैन। हुर्किँदै गर्दा उसले विभिन्न क्रियाकलापहरू अनायासै सिकिरहेको हुन्छ। जुन सिकाइ अनवरत रहन्छ।

यसमा घरपरिवार र वातावरणको ठूलो भूमिका हुन्छ बालबालिकाको सिकाइ र आचरण विकास गर्नको लागि। त्यसपछि ऊ विद्यालयमा प्रवेश गर्छ अनि विद्यालयको रहनसहन, चालचलन र उसले भेट्ने सङ्गतिहरूको प्रभाव पर्छ। तसर्थ, बालबालिकाहरूलाई दोष लगाउनुको साटो सानैदेखि उनीहरूलाई कस्तो आचरण सिकाउने, कस्तो बानीबेहोरा सिकाउने, कसरी मर्यादित बनाउने, कसरी जिम्मेवार बनाउने भन्ने कुरामा अभिभावकहरूले बेलैमा सोच्नुपर्छ। एउटा काँचो माटोलाई जस्तो आकार दियो त्यस्तै वस्तु बन्छ। दोषारोपण गर्नुभन्दा पनि सानैदेखि अनुशासन र जिम्मेवारी बहन गर्न सिकाउनु पर्छ। केही जानकारहरूका अनुसार, 'मोबाइलको कारणले गर्दा युवापुस्ता असामाजिक, अमर्यादित भएका हुन् भनेर भन्ने गरेको पाइन्छ। कतिपय अवस्थामा त यही विषयलाई लिएर बाबुआमा र छोराछोरीको बीचमा ठूलो झैझगडा भएको पनि देखिन्छ। अधिकांश युवापुस्ताले मोबाइल मात्र नभएर कुनै पनि इलेक्ट्रोनिक ग्याजेटहरू बिना उनीहरूको जीवन सहज छैन भन्ने धारणा व्यक्त गरेको पाइन्छ। किनकि उनीहरूले जन्मेदेखि नै त्यही वस्तुहरूसँग सहकार्य गर्दै आइरहेका छन्। ग्याजेटहरूबाट धेरै कुराहरू सिकिरहेका छन्। तर के सिक्ने, के चलाउने, के खोज्ने र कति समय चलाउने र त्यसको प्रयोग कसरी गर्ने भन्ने मापदण्ड सानैदेखि बनाइदिने हो भने कुनै पनि इलेक्ट्रोनिक

❖ बाँकी तेस्रो पृष्ठमा

यो कस्तो प्रेम?

• देव नेपाली

अवस्था जस्तोसुकै किन नहोस् सामना गर्ने गरेको छु। तर प्रेमको अवस्थामा म कमजोर छु या मैले प्रेम गरेको मान्छे? वास्तवमा म आफैं कमजोर छु होला। जिन्दगीको दौडधूपमा हजारौंसँग प्रेम हुन्छ। यात्रामा हिँड्दा सहयात्रीसँग, कक्षामा हुँदा सहपाठीसँग, कार्यालयमा हुँदा सहकर्मीसँग। यस्तै प्रेमको कथा हो यो।

काठमाडौंको सानो गल्ली जहाँबाट हजारौं सपनाहरू साकार हुने गर्छन्। बिहान चार बजेदेखि बेलुका ११ बजेसम्म बाघबजारको कोलाहलबाट मुक्त कहिले हुन सकिनँ।

प्रायः बाघबजारमा पढ्ने साथीहरू नेपालमा बस्न रुचाउँछन् जस्तो लाग्दैन। हो, यो प्रेमको सुरुवात पनि यही हो। कहिँकतै सुनेको थिएँ, १२ कक्षा पास गरेको युवा विद्यार्थी भिसा लागेन भने डिप्रेसनमा जान्छ। यो कतिको सत्य हो बुझ्नलाई कहिँकतै जानै पर्दैन, बाघबजारका गल्ली नियाले पुग्छ।

गाउँबाट १२ पास गरेलगत्तै काठमाडौं छिरेको म, आज चार वर्ष लाग्दा पनि यहींकै गल्लीतिर भेटिन्छन् मेरा पहिलाहरू। यहीं अन्तरालमा भेटेको हो मैले सन्जुलाई। सन्जुसँग पहिलो भेट कन्सल्टेन्सीमा भएको हो। सबैले उसलाई गीत गाउन आग्रह गर्दै थिए।

संगीत भन्ने बित्तिकै मनमा उत्साह जागेर आउँछ। कुनै समय संगीतमै मेरा दिनहरू बितेका थिए। समय मिलेछ भने पक्कै पनि भन्नेछु मेरो र संगीत बीचको सम्बन्ध।

'ल सुन्दिम न साथी अजयको बोली पनि' दुई चार जनाको भिडमा मिसियो, स्वर सम्राट नारायण गोपालको स्वरमा सजिएको केही मिठा बात गर रात यसै काटिजान्छ। सन्जुको स्वरमा पनि निकै मिठो लाग्दै थियो। उनी पनि संगीत प्रेमिका थिइन्।

काठमाडौंबासी भए पनि उनको पहिरन सादा कुर्ता सुरुवाल नै थियो। फिक्का लिपस्टिक आँखामा हल्का गाजल, उसलाई देख्ने हर कोही पागल हुन्थ्यो, म त भनै २२/२३ वर्षको केटा आँखा अगाडि सुन्दरी देख्दा हर कोही पागल हुन्छ। म नहुने त कुरै थिएन। मेरो पनि उसमा माया जागेर आयो तर हिम्मत थिएन ऊसँग भलाकुसारी गर्ने।

कन्सल्टेन्सीमा लगभग दुई सय जना साथीहरू थिए। सबैको सपना विदेश गएर टन्न पैसा कमाउने थियो। नेपालमा बसेर केही गर्छु भन्ने मैले कमै भेटेको छु, अहिलेको अवस्थामा।

सन्जु आधा नाम थाहा थियो। फेसबुकभरि खोज्ने प्रयास गरें। सन्जु नामका हजारौं भेटिए तर मैले खोजेको सन्जु भेटाउन निकै अप्ठ्यारो भयो। भोलि अजयलाई पूरा नाम सोध्न लगाउँछु सोच्दै थिए, सेभ नभएको नम्बरबाट कल आयो।

'सबै साथीहरू मिलेर होली विशेष कार्यक्रम छ, तपाईंको पनि सहभागिता चाहन्छौं अवश्य प्रस्थान गर्नुहोला' भन्दै फोन काटियो। सन्जुले नै पो फोन गरेकी रहेछिन्, अर्को दिन थाहा भयो। आयोजना नै उनीहरू मिलेर गरेका रहेछन्।

केही कार्यक्रम होस् अनि मेरो उपस्थित नहुने त कुरै छैन, बच्चैदेखि खुब मनपर्छ। सानोतिनो प्रस्तुति मैले नि दिने गरेको छु।

'ओ, हाम्रो सर आइपुग्नु भयो। उहाँलाई चिया सियाको बेवास्ता गरिदिनु पर्यो,' अजयले सबैको अघि यसरी बोलेर मलाई त बेइज्जत नै गरे जस्तो लाग्यो।

'ह्या नजिस्की न,' मैले भनें।

'जिस्किनु परेन त, सर यति छिटो आउनु भएको छ'

उसको छिटोको मतलब थियो म ढिला भएको छु।

'आउँला नि विदेश गएपछि समयमा, अहिलेलाई यसैमा चित्त बुझा न। तँलाइ एउटा कुरा सोध्नु थियो' भन्दै सन्जुसँग परिचय गराइदिन भनें।

साथी भनेका दुई प्रकारका हुन्छन्- एउटा भट्टीमा भेटिने, अर्को केटी पट्याउदा साथ दिने। दुई वटै गुण भएको साथी भाग्यले भेटिन्छ। त्यो हो अजय।

अजय शान्त स्वभावको छ। ११/१२ सँगै पढेकाले होला उसले हरेक कुरामा मेरो साथ दिने गरेको छ। यहाँसम्म कि रक्सीको गिलासदेखि लिएर एक गाँस खानासम्म उसको र मेरो छुट्टै कहानी छ।

सन्जु आफ्नो साथीहरूसँग टेबलमा बसेर गफ गर्दै थिइन्। अजयले मलाई 'हिँड् तँलाई तेरी सुन्दरीसँग परिचय गराइदिन्छु, तर साझ एक बोत्तल चाहिँ पिलाउनु पर्छ है' भन्यो

'हेल्लो गाइज, तपाईंहरूलाई मेरो प्रिय मित्रसँग चिनजान गराउँछु, मिल्छ?'

'नचिनेको मान्छेसँग हो परिचय गर्ने,' सन्जुको बोलीले मलाई अचम्मित बनाएको थियो। नचिनेको मान्छे या चिनेको मान्छे, को हुँ त म?

'मतलब?'

'अचम्म मान्नु पर्दैन महोदय, मैले तपाईंलाई धेरै पहिलादेखि चिनेकी छु।'

'तर कसरी?'

यत्तिकैमा अजय बोल्छ, 'हाम्रो सरलाई यति धेरै फुर्सद हुँदैन फेसबुकतिर निहालेर हेर्नलाई। मैले तेरो फेसबुक आइडी उसलाई दिएको थिएँ।'

'तिमी दुई जना एकअर्कालाई चिन्छौ?'

मेरो प्रश्नले दुवै जनाको ओठमा मुस्कान छायो।

'सन्जु मेरो घरबेटी हो। अनि म सन्जुको भाडावाला।'

'अजय तिमी नजिस्किउन, हामी राम्रो साथी हो,' सन्जुले भनी।

फुर्सद भए यसो फ्रेन्ड रिक्वेस्ट पनि हेर्नु होला। उसको त्यो बोलीले मलाई ठाउँको ठाउँ फेसबुक खोलेर हेर्न बाध्य बनायो, 'के नाम छ तिम्रो?'

'सन्जु सन्जु!'

फ्रेन्ड रिक्वेस्ट आएको रहेछ चार दिन अघि।

❖ बाँकी तेस्रो पृष्ठमा

चिया उत्पादक संघको पदस्थापन कार्यक्रम

भद्रपुर(प्रस) । नेपाल चिया उत्पादक संघ केन्द्रीय कार्यसमिति झापाको पदस्थापन कार्यक्रम शुक्रबार साँझ सम्पन्न भएको छ । । भद्रपुरमा सम्पन्न संघको १५ औ साधारण सभाबाट निर्विरोध निर्वाचित पदाधिकारीहरूको पदस्थापन गरिएको हो । संघको साधारण सभाबाट अध्यक्षमा आदित्य पराजुली निर्विरोध निर्वाचित भएका छन् ।

संघका उपाध्यक्षमा शिवकुमार गुप्ता, महासचिवमा शुक्रबहादुर दाहाल, सचिवमा सागर घिमिरे, कोषाध्यक्षमा

प्रकाश उप्रेती निर्विरोध निर्वाचित भएका छन् । त्यसैगरी सदस्यहरूमा दीपेश ढकाल, राजेन्द्रकुमार सिंह, रमेश पराजुली, मनोज श्रेष्ठ, शुभाषरत्न शाक्य र दीपक पाठक चयन छन् ।

संघका अध्यक्ष सुरेशकुमार अग्रवालको अध्यक्षता तथा नेपाल सार्क एसिया चेम्बरका उपाध्यक्ष चण्डीराज ढकालको प्रमुख आतिथ्यमा निर्वाचित पदाधिकारीहरूलाई पदस्थापन गरिएको थियो । कार्यक्रममा चिया उत्पादक संघका अध्यक्ष अग्रवालले स्वागत गर्दै बिदाइ मन्तव्य राखेका थिए । कार्यक्रममा चिया उत्पादक संघका पूर्व अध्यक्ष चण्डी पराजुलीले धन्यवाद मन्तव्य दिँदै तस्करीको माध्यमबाट भारतीय चिया आएकोले रोक्न प्रहरी प्रशासनलाई अनुरोध गर्दै चिया उद्योगीले भोग्नु परेका समस्याका बारेमा जानकारी गराएका थिए । नवनिर्वाचित अध्यक्ष पराजुलीले अन्तर्राष्ट्रिय बजारमा नेपालको चियालाई स्थापित गराउने प्रतिबद्धता जाहेर गरेका थिए ।महासचिव शुक्रबहादुर दाहालले सञ्चालन गरेको कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ वस्तुगत उपाध्यक्ष हेमराज ढकाल, भद्रपुर नगरपालिकाका प्रमुख गणेश पोखरेललगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा झापामा सरुवा आएका तथा झापाबाट सरुवा भएर जान लागेका प्रहरी प्रशासन प्रमुखहरुलाई स्वागत तथा बिदाइ गरिएको थियो ।

दमक चौथो स्मृति कप भलिबलको उपविजेता

धनकुटा(प्रस) । प्रदेश स्तरीय सहिद प्रकाश थापा चौथो स्मृति कप भलिबल प्रतियोगिताको उपाधि भोजपुरको षडानन्द नगरपालिकाले जितेको छ। सहिदभूमि गाउँपालिका-१ घंगरुमा शनिबार सम्पन्न फाइनल खेलमा दमक नगरपालिकालाई २५-२३, २५-१५ र २५-२२ को सोझो सेटमा पराजित गर्दै षडानन्द नगरपालिकाले उपाधि जितेको हो। उपाधिसँगै षडानन्द नगरपालिकाले नगद १ लाख २१ हजार १ सय २१ रुपैयाँसहित ट्रफी प्राप्त गऱ्यो भने उपविजेता दमक नगरपालिकाले नगद ६५ हजार र ट्रफीमा चित्त बुझायो। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी षडानन्द नपाका बालकुमार रायमाझी घोषित हुँदै नगद १० हजार रुपैयाँ प्राप्त गरे। षडानन्दका कृष्ण रसाइली बेस्ट स्पाइकर, बेस्ट सेटर जयराम खत्री घोषित भए। त्यस्तै बेस्ट डिफेन्स बेलवारी नगरपालिकाका लिला श्रेष्ठ, सभापोखरी गाउँपालिकाका प्रदीप कट्टेल बेस्ट सरभर, दमकका रोमन बस्नेत बेस्ट ब्लकर, बेस्ट कोच षडानन्दका कुमार कटुवाल घोषित भए। उनीहरूलाई नगद २/२ हजार रुपैयाँ प्रदान गरिएको थियो।

प्रतियोगिताको विजेता तथा उपविजेता टिमका खेलाडीहरूलाई प्रमुख अतिथि कोशी प्रदेश सरकारको आर्थिक मामिला तथा योजना राज्यमन्त्री इन्दिरा थापाले पुरस्कार वितरण गरेकी थिइन्। फागुन २ गतेदेखि सुरु भएको प्रतियोगितामा आयोजकको २ टिमसहित प्रदेशभरिका विभिन्न स्थानीय तहका ७ गरी ९ टिमको सहभागिता रहेको थियो।

२०५७ सालमा तत्कालीन माओवादीसँगको कालीकोटमा भएको भिडन्तमा मृत्यु भएका प्रहरी नायव निरीक्षक प्रकाश थापाको सम्झनामा २०७६ सालबाट ट्रस स्थापना गरी प्रतियोगिता सञ्चालन हुँदै आइरहेको छ।

पहिलो महिला रिक्सा चालक फूलमायालाई सहयोग

बिर्तामोड(प्रस) । वीरता लेडी जेसीजले नेपालको पहिलो महिला रिक्सा चालक फूलमाया धिमाललाई सहयोग गरेको छ । बिर्तामोडको महानन्द चोकमा शनिबार आयोजित कार्यक्रमका बीच धिमाललाई खाद्यान्न, लत्ता कपडा, घरायसी प्रयोजनका सफाई सामग्री र नगद सहयोग गरिएको हो ।

जीवन गुजारा चलाउन बिर्तामोडको सडकमा रिक्सा कुदाएर देशव्यापी ख्याति कमाएकी फूलमाया यतिबेला गुमनामजस्तै छिन् । हिजोको सीप, क्षमता र आँट बुद्यौलीले ओझल पार्दै लगेका बेला लेडी जेसीजले सहायताका लागि धिमाललाई सम्झिएको हो ।

समुदायमा जेसीजः शुभदिन, शुभकार्यअन्तर्गत नेपालको पहिलो महिला रिक्सा चालक धिमाललाई खाद्यान्नसहित लत्ता कपडा र नगद सहयोग गरिएको वीरता लेडी जेसीज सन् २०२४ की अध्यक्ष मेनुका ओलीले बताइन् ।

अध्यक्ष ओलीका अनुसार धिमाललाई तीन बोरा चामल, १० लिटर तेल, नुन, मसला, एक बोरा मुरइ, ब्ल्याङ्केट, लत्ता कपडा, घरायसी प्रयोजनका सरसफाई सामग्री र नगद आठ हजार रुपैयाँ प्रदान गरिएको छ ।

अर्जुनधारा वडा नम्बर-६ का अध्यक्ष हरिश्चन्द्र बाँस्तोलाको प्रमुख आतिथ्यमा धिमाललाई सहयोग हस्तान्तरण गरिएको हो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि बाँस्तोलाले सामाजिक उत्तरदायित्वअन्तर्गतका अभियानमा लेडी जेसीजले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको बताए ।

सहयोग हस्तान्तरण कार्यक्रममा नेपाल जेसीजका कानुनी सल्लाहकार सिनेटर नरेशचन्द्र ओझा विशिष्ट अतिथिका रुपमा सहभागी भएका थिए ।

लेडी जेसीजकी सहसचिव एलिना रिजालको संयोजकत्वमा भएको कार्यक्रममा पूर्व अध्यक्ष संगीता चिमरिया र निवर्तमान अध्यक्ष संगीता गिरीलगायतले बोलेका थिए । उपाध्यक्ष कविता ओलीले आस्था वाचन गरेको कार्यक्रमको सञ्चालन महासचिव मुना ढुंगेलले गरेकी थिइन् ।

वीरता लेडी जेसीजले यसै साता सरस्वती पूजाको अवसरमा भर्ना हुन आएका नयाँ नानीबाबुहरूलाई अर्जुनधारा-६ स्थित बालकल्याण आधारभूत विद्यालयमा गएर प्रोत्साहनस्वरुप शैक्षिक सामग्री वितरण गरेको थियो ।

सोनाम ल्होसारको अवसरमा विविध कार्यक्रम

भद्रपुर(प्रस) । २८६० औं मञ्जुश्री संवत तथा सोनाम ल्होसारको अवसर पारेर नेपाल तामाङ घेदुङ नगर कार्यसमिति भद्रपुरले विविध कार्यक्रम सम्पन्न गरेको छ ।

घेदुङले भद्रपुर २ स्थित कमलधाप बहुधार्मिक स्थलमा अग्रज व्यक्तित्व सम्मान, तामाङ साँस्कृतिक नुत्य प्रस्तुत तथा ल्होसारको बारेमा विविध प्रवचन कार्यक्रम सम्पन्न गरेको हो ।

घेदुङका नगर अध्यक्ष बसन्तकुमार तामाङको अध्यक्षता तथा केन्द्रीय उपाध्यक्ष नरबहादुर तामाङको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा भद्रपुर नगर उपप्रमुख राधा कार्की, भद्रपुर २ का वडाध्यक्ष रामबहादुर कँडेल, घेदुङका झापा जिल्लाका पूर्व अध्यक्ष कृष्ण गोले, १ नम्बर इलाका संयोजक विशाल थिङलगायतले मन्तव्य राख्दै नेपालको मौलिक पहिचान बोकेको मञ्जुश्री संवत रहेको धारणा राखेका थिए । घेदुङका नगर सचिव राकेश तामाङ र सञ्चारकर्मी कृति तामाङले संयुक्त रुपमा सञ्चालन गरेको कार्यक्रममा तामाङ समुदायको उत्थानमा योगदान दिने विभिन्न अग्रज व्यक्तित्वलाई सम्मान गरिएको थियो भने विविध तामाङ संस्कृति झल्काने नृत्यसमेत प्रस्तुत गरिएको थियो ।

उनीहरू...

ग्याजेटको दुरूपयोग गर्दैन थिए होलान्।

तर सानैदेखि ग्याजेटमा नै आफ्नो अमूल्य समय बिताउँदै आइसकेपछि धेरै एडिक्टेड भइसकेपछि यसलाई समाधान गर्न भने गाह्रो छ। तर समयमा नभनेर उनीहरू धेरै हदसम्म ग्याजेट क्रेजी भइसकेपछि भने यसको समाधान निकाल्न गाह्रो छ। आफ्ना बाबुआमाले भनेको नमान्ने बालबालिका भने पक्कै पनि हुँदैनन्। त्यसको तारतम्यता नमिलेर समस्या निम्तिन्छ र सुल्झाउन नसक्दा समस्याले ठूलो रूप लिने गर्दछ। जुन अहिले भइरहेको छ। एक जना विश्वविद्यालयको प्रोफेसरले आफूले पढाएको कुनै विद्यार्थीले बाटोमा चुरोट तान्दै गरेको भेटेछन्।

उहाँलाई लागेछ विद्यार्थी डराएर भाग्छ तर भागेन सरलाई नदेखेजस्तो गरिदियो। त्यसपछि दुःख मान्दै उहाँले आफूलाई धिक्कार्नु भयो, 'कस्तो जमाना आयो, अचम्म भयो।' अनि उहाँले आफू विद्यार्थी हुँदाको समय र आफू आफ्नो शिक्षकहरूसँग डराउने र झुक्ने गरेको अवस्थाहरू कोट्याउन लाग्नुभयो र दोष दिन थाल्नुभयो अहिलेको विकासलाई। यो एउटा उदाहरण मात्र हो। यस्ता धेरै घटनाहरू छन्। पहिला जस्तो शिक्षकलाई देख्नेबित्तिकै डराएर चार कोस पर भागेर लुक्नु पर्दैन। तर एउटा शिक्षकलाई दिनुपर्ने मर्यादा भने पक्कै दिनुपर्छ। हाम्रो पूर्वीय दर्शन अनुसार गुरू र शिष्यको बीचमा निकै घनिष्ठ सम्बन्ध हुनु जरूरी छ। गुरूलाई माता, पिता सरह सम्मान गरिन्छ। आजकाल गुरूप्रतिको सम्मान हराउँदै गइरहेको छ।

माथि उल्लेख गरिएका केही उदाहरणहरू र परिवेशहरू अधिकांश ठाउँमा भेटिएका हुन्। यहाँ धेरै परिवेशहरू र उदाहरणहरू छन् सबै व्यक्त गर्न सकिएन।

अहिलेको समयमा बाटोमा, घरमा, समाजमा, स्कुल कलेज तथा विश्वविद्यालयमा तथा विभिन्न सार्वजनिक स्थलहरूमा नियालेर हेर्दा अहिलेको युवापुस्तामा पुस्तान्तरणमा समस्या छ। एउटा पुस्ताले चाहन्छ आफ्ना सन्तानहरू आफ्नो संस्कार संस्कृति नभुलून्, सभ्य नागरिक बनून्, पढाइ लेखाइमा अब्बल बनून्, जिम्मेवारी बहन गरून् तर अर्को पुस्ता उनीहरूले सोचेभन्दा ठ्याक्कै उल्टो देखिन्छ र यो बारेमा बहस छलफल र धारणाहरू भने अनगिन्ती पोखिन्छन् तर समस्याको समाधान भने त्यति खोजिएको देखिँदैन। मैले भन्न खोजेको सबै अहिलेको पुस्ताहरू उस्तै छन् होइन। अधिकांश ठाउँमा यो समस्या देखेको भएर मैले यो लेख तयार पारेको हो।

हरेक अभिभावक, विद्यालय तथा सम्बन्धित निकायहरू सचेत भएर आफ्ना बालबालिकाहरूलाई सही तवरले उचित रेखदेख गर्न जरूरी छ। यसको मतलब यो हैन चाहिनेभन्दा बढी कडा अनुशासनमा राख्नु, कुनै पनि इलेक्ट्रोनिक डिभाइसहरूबाट बञ्चित गराउनु। समय अनुकूल र परिवेश सुहाउँदो तवरले अहिलेका बालबालिकाहरूलाई हेरचाह गर्न सकियो भने उनीहरू हामीले सोचेभन्दा फरक बाटोमा लाग्ने छैनन्।

यो कस्तो...

प्रोफाइल पिक्चरमा रुँदै गरेको सानो बालक थियो।

'अनि रुदै गरेको सानो बालक त तिमी होइनौं नि?'

'मलाई आफ्नो फोटो राख्न खासै मन पर्दैन त्यसैले।'

हामी फेसबुकमा पनि साथी भयौं। विस्तारै हामीबीच कुरा हुन थाल्यो। उसले मलाई धेरै पहिलादेखि चिनेको भन्थी।

हाई हेल्लो हुँदै यति समय सँगै बिताइरहेका थियौं मानौं हाम्रो सम्बन्ध राम-सीताको भन्दा पनि बलियो छ।

कहिलेकाहीं त दिनमा २२ घन्टा फोनमै बोलेर कटाएका छौं। शनिबारको दिन उसले गोदावरी जाने रहर गरेपछि हामी दुई जना गोदावरी घुम्न गएका थियौं।

निलो कुर्थामा सजिएकी उसलाई मैले प्रेम प्रस्ताव त्यही दिन राखेको थिएँ। बिहानसम्म साथी भएर घुम्न गएका हामी फकिँदा प्रेमी-प्रेमीका थियौं।

अब हामीले एकअर्कालाई विश्वासको नाताले हेर्न थाल्यौं।

बाघबजारदेखि सुरु भएको हाम्रो सम्बन्ध असन, न्युरोड, वसन्तपुर हुँदै कोठासम्म पुग्यो। एकअर्काप्रति खुब भरोसा थियो। सन्जु आफूलाई जसरी भए पनि विदेश जानु छ भन्थी। उसलाई नेपालभन्दा प्यारो सायद बाहिर नै लाग्थ्यो।

बिहे गरेर डिपेन्डेन्ट भिसामा जाउँ भन्दा 'अहिले हतार नगरौं'भन्थी। काठमाडौं छोडेर दुई महिनाको लागि नेपालगन्ज जानुपर्ने भयो। म नेपालगन्ज गएको हप्ता दिन नपुग्दै यता सन्जुको भिसा लागेछ। दुई/चार दिनमै उड्छे भनेर अजयले सुनाएको थियो।

उसको सम्पर्कमा आउने धेरै प्रयास गरें तर ऊसँग कुरै हुन सकेन। फेसबुकको वालभरि 'ह्याभ अ सेफ जर्नी ब्युटिफुल कपल' भनेर पोस्ट गरेको देखें। पोस्ट देखेर आँखाले पत्याउन सकेन।

के भयो त्यो दुई हप्तामा? न कुनै खबर, न कुनै सम्पर्क। म उसको जीवनमा थिएँ या थिइनँ मैले ठम्याउन सकिनँ। सम्बन्ध बलियो थियो हाम्रो, सायद समय बलियो हुन सकेन। म हरेक प्रश्नको उत्तर तिमीबाट खोज्दिनँ तर समयले साथ दिएछ भने पक्कै भन्नू तिमीले गरेको प्रेम के थियो?

चार वर्ष बितिसक्दा पनि अझै याद आउँछ, त्यो पुरानो गल्ली, साँघुरो बाटो, समातिएको हात अनि सँगै हुँदाको साथ। म यी गल्लीहरूमा तिम्रो छवि देख्ने गर्छु। वसन्तपुरको छाँगाभरि तिमीलाई लेख्ने गर्छु। असनको साँघुरो बाटोमा तिमीले हात 'नछोड है' भनेको सम्झिन्छु। फेरि झस्किन्छु, तिमी यो गल्लीमा हिँड्नुभन्दा पहिला नै हराइसकेकी छौ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५१२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
MANAV DENTAL HOSPITAL PVT.LTD. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५७०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिष्टिम आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

आजको राशिफल

मेष रोकिएका कामहरू पुनः सुरु हुन सक्छन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

वृष आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ ।

मिथुन सुखदुःख बराबरी खालको समय रहनेछ । सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ ।

कर्कट जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ ।

सिंह सरकारी निकायको भय रहला । शेयर बजारले पनि साथ नदेला ।

कन्या मिष्ठान्न भोजन प्राप्ति होला । तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्

तुला कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला ।

वृश्चिक आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ ।

धनु आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

मकर नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

कुम्भ ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ ।

मिन आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ । एउटै कामबाट दोहोरो लाभ